पूर्वेली जनसञ्चार सहकारी संस्था लि. विराटनगरद्वारा प्रकाशित
www.hamromat.com
www.facebook.com/hamromat2/www.facebook.com/hamromat1/

श्री गणपति ज्वेलरी
SHREE GANAPATI JEWELERY
Biratnagar-4
ESTD .:2068
फोन नं. : ०२१-४६२५६५
०२१-४६०६१९
विराटनगर-४, कञ्चनबारी ✸ सुन ✸ चाँदी ✸ रत्न
हिंजोको सुन चाँदीको दरभाउ प्रति तोला
११.६६४ = १ तोला
यहाँ अर्डर बमोजिम सुन, चाँदीका गरगहना बनाउनुका साथै तयारी गरगहना पनि बिक्री गरिन्छ ।

| | |
|---|---|
| छापवाला सुन | रू. २२३,७०० ।०० |
| तेजावी सुन | रू. २२३,२०० ।०० |
| चाँदी | रू. २,८२५ ।०० |

श्री गणपति मनि ट्रान्सफर | हामीकहाँ सम्पूर्ण रेमिटान्सको सेवा पनि छ ।

# हाम्रोमत

राष्ट्रिय दैनिक

हुलाक सेवालाई प्रवर्धन गरौं ।

- सूचना तथा सन्देश पुर्याउने भरपर्दो माध्यम हुलाक सेवा हो ।
- सुरक्षित र भरपर्दो रुपमा वस्तुको ओसारपसार गर्ने,
- चिठीपत्र, पार्सल, दुत डाँक सेवा सुरक्षित र समयमै पुर्‍याउने,
- दैनिक जीवनमा सहजता ल्याउने,
- प्रविधिसँगै आधुनिकतातर्फ उन्मुख,
- हुलाक सेवाको उपयोग गरौं,
- स्थानीय तहमा रहेको हुलाक, जिल्ला हुलाक, गोश्वरा हुलाक कार्यालयमार्फत हुलाक सेवा लिन सकिन्छ,

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २२, अंक : १३७ | २०८२ असोज १२ गते आइतबार | 2025 September 28 Sunday | Hamromat National Daily | मूल्य रू. ५

## दसैंमा विराटनगरको बजार गुल्जार

# व्यापारीमा उत्साह, व्यापारमा वृद्धि

◆ हाम्रोमत संवाददाता

*विराटनगर, ११ असोज*



नेपालीहरूको महान् चाड विजय दशमी सुरु भएसँगै विराटनगरका बजारहरूमा उपभोक्ताको चहलपहल बाक्लिएको छ ।

मुख्य बजार मेनरोड, जलजला मोड, गुद्री बजार लगायतका क्षेत्रमा यतिबेला किनमेल गर्नेहरूको भिड छ । विशेषगरी लत्ताकपडा, जुत्ता-चप्पल र खाद्यान्नका पसलहरूमा ग्राहकहरूको बाक्लो उपस्थिति देखिएको छ ।

हरेक वर्ष दशैंमा बजार गुल्जार हुनु स्वाभाविक भए पनि यस वर्ष दुई अप्रत्याशित घटनाक्रमले स्थानीय व्यापारीहरूलाई थप राहत मिलेको छ । सीमावर्ती भारतीय बजार जोगबनीमा शुक्रबार देखिएको तनाव र विराटनगरको प्रमुख व्यापारिक केन्द्र भाटभटेनी सुपर मार्केट आगजनीका कारण बन्द हुनुले उपभोक्ताहरू स्थानीय बजारमै आकर्षित भएका छन् ।

दशैंको किनमेल सुरु भएयता व्यापारीहरूको व्यस्तता निकै बढेको छ । विराटनगरको जलजला मोडमा कपडाको खुद्रा पसल सञ्चालन गर्दै आएका हङकङ बजारका सञ्चालक मोहमद नजिरले व्यापार बढेकोमा खुसी व्यक्त गरे । 'अरू बेलाको तुलनामा अहिले व्यापार निकै बढेको छ । हाम्रो मुख्य व्यापार हुने भनेकै दशैंमा हो,' ग्राहकलाई कपडा देखाउँदै उनले भने, 'दशैंमा चहलपहल बढेपछि अबेर रातिसम्म पनि पसल खोल्ने गरेका छौं ।'

उनका अनुसार वर्षभरिको व्यापारको ठूलो हिस्सा यही एक हप्तामा निर्भर हुन्छ । 'चाडपर्व सुरु भएपछिको एक हप्ताको व्यापारले वर्षभरीको पसल भाडा उठाउनुपर्ने अवस्था पनि छ । त्यसैले हामीले पनि यो समयका लागि सामानहरू बढी नै भरेका छौं,' नजिरले थपे ।

यस्तै, मेनरोडमा जुत्ता-चप्पलको व्यापार गर्दै आएका एमडी नाजिर पनि चाडपर्वमा ग्राहक बढेको बताउँछन् । 'चाडपर्वलाई लक्षित गरेर हामीले विभिन्न डिजाइनका नयाँ जुत्ता-चप्पलहरू ल्याएका छौं, जुन उपभोक्ताको रोजाइमा पनि परेको छ,' उनले भने, 'अरू बेलाको तुलनामा ग्राहकको संख्या दोब्बरभन्दा बढी छ ।' व्यापारीहरूका अनुसार लत्ताकपडा र जुत्ता-चप्पलपछि दशैंमा आवश्यक पर्ने खाद्यान्न, मरमसला र फलफूलको व्यापार पनि ह्वात्तै बढेको छ ।

विराटनगरका धेरैजसो उपभोक्ताका लागि किनमेलको प्रमुख गन्तव्य सीमावर्ती भारतीय बजार जोगबनी बन्दै आएको थियो । सस्तो पाइने मानसिकताका कारण खाद्यान्य र लत्ताकपडा खरिद गर्न नेपालीहरू जोगबनी पुग्ने गर्छन्, जसले गर्दा विराटनगरको स्थानीय व्यापारमा ठूलो असर पर्दै आएको थियो ।

मोरङ व्यापार संघका अनुसार जोगबनीमा दैनिक लाखौं बढीको कारोबार हुने र त्यसको मुख्य हिस्सा नेपाली उपभोक्ता नै हुने गरेका छन् । तर, हालै जोगबनीमा उत्पन्न तनाव र डरको कारणले धेरै उपभोक्तालाई विराटनगरमै आवश्यक सामग्रीहरु खरिद गरेका छन् । शुक्रबार दिनभर जोगबनीमा नेपालीलाई प्रवेशमा कडाइ गरिएपछि दशैंको मुखमा किनमेल गर्न चाहनेहरू स्थानीय बजारमै आउन बाध्य भए । यसले अप्रत्याशित रूपमा विराटनगरका व्यापारीहरूलाई फाइदा पुगेको छ । 'जोगबनीमा शुक्रबार दिनभरी तनाव भएपछि छोराछोरीहरुको लागि आवश्यक पर्ने लत्ताकपडा विराटनगरको बजारबाट खरिद गरे,' विराटनगर ११ की कुमारी श्रेष्ठले भनिन् ।

### भाटभटेनीमा आगजनीपछि व्यापारीलाई अवसर

गत भदौ २४ गते जेनजी आन्दोलनका क्रममा विराटनगरको भाटभटेनी सुपर मार्केटमा भएको आगजनीले अर्बौंको क्षति पुग्यो र सुपर मार्केट पूर्ण रूपमा बन्द छ । एकै छानामुनि सबै सामान पाइने भएकाले विराटनगर र आसपासका हजारौं उपभोक्ताको किनमेल गर्ने प्रमुख थलो भाटभटेनी बनेको थियो ।

▶ बाँकी ३ पेजमा

# भारतीय बजार जोगवनीको तनाव समाधान



◆ हाम्रोमत संवाददाता

*विराटनगर, ११ असोज*

विराटनगरको सीमावतीय भारतीय बजार जोगवनीमा उत्पन्न तनाब समाधान भएको छ । इस्लाम धर्मगुरु पैगम्बर मोहम्मदका बारेमा गलत टिप्पणी गरिएको भन्दै मुस्लिम समुदायले विरोध सुरु गरेपछि त्यहाँ तनाव सिर्जना भएको थियो ।

हिन्दु समुदायले पैगम्बरका बारेमा सामाजिक सञ्जालमा गलत टिप्पणी गरेको मुस्लिम समुदायको भनाइ छ । त्यसपछि बजरंग दलका युवाहरु आइपुगेपछि मुस्लिम र हिन्दु समुदायबीच दोहोरो झडप भएको थियो । घटनाको कारण बजार बिहान तनावग्रस्त बनेको थियो । जोगवनी नेपालीको किनमेल गर्ने मुख्य बजार हो । चाडपर्व र अरु बेला पनि दैनिक सयौं नेपाली किनमेलका लागि जोगवनी पुग्ने गरेका छन् ।

जोगवनी तनावग्रस्त भएपछि किनमेलका लागि पुगेका नेपालीबीच भागदौड मच्चिएको थियो । किनमेलका लागि गएकाहरु भागेर नेपाल फर्किएका थिए ।

▶ बाँकी ३ पेजमा

## गाँजासहितको कार बरामद



विराटनगर, ११ असोज (हाम्रोमत)- सुनसरीको बराहक्षेत्र नगरपालिका ५ बिशाल चोकबाट प्रहरीले गाँजासहित एउटा कार नियन्त्रणमा लिएको छ ।

धरानबाट बराहक्षेत्रतर्फ जाँदै गरेको बीआर ११ बीआर ७१०२ नम्बरको भारतीय कारबाट ३४० किलो गाँजा बरामद भएको हो ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार बिशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय महेन्द्रनगरको टोलीले गाँजा र कार नियन्त्रणमा लिएको हो । धरानबाट कालाबञ्जारतर्फ जाँदै गरेको तत्काल नम्बर नखुलेको २२० को पल्सर मोटरसाइकल र कारलाई प्रहरी टोलीले रोक्न खोजेको थियो । प्रहरी देखेपछि मोटरसाइकल र कार पुनः धरानतर्फ नै फर्किएर भागेको प्रहरीले जनाएको छ ।

प्रहरी टोलीले पनि पछ्याउदा कार बाटोमा नै छोडेर चालक पनि मोटरसाइकलमा चढेर धरानतर्फ भागेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ । कार चेकजाँच गर्दा भित्र लुकाएर राखिएको अवस्थामा ११ वटा प्लाष्टिकको पोकामा ३४० किलो गाँजा फेला परेको प्रहरीको भनाई छ । बरामद भएको गाँजासहित कार नियन्त्रणमा लिए इलाका प्रहरी कार्यालय महेन्द्रनगरले थप अनुसन्धान गरिरहेको जनाएको छ । फरार रहेको मोटर साइकल, मोटरसाइकल चालक र कार चालकको पनि खोजी कार्य भइरहेको प्रहरीको भनाइ छ ।

## माओवादी नेताहरुको सम्पत्ति छानविन गरी सार्वजनिक गरिने

विराटनगर, ११ असोज (हाम्रोमत)- नेकपा माओवादी केन्द्रको सातौं पूर्ण बैठकलेलसबै नेताको सम्पत्ति सार्वजनिक गर्ने निर्णय गरेको छ । बैठकले तीन वटा निर्णय गरेको छ । बैठकले माओवादीका सबै नेताको सम्पत्ति सार्वजनिक गने ', मंसिरमा विशेष महाधिवेशन गर्ने र महाधिवेशन गर्न आयो जक कमिटी गठन गर्ने निर्णय गरेको हो ।

बैठकमा सहभागी नेताहरुका अनुसार अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' राखेका तीन वटै प्रस्ताव सर्वसम्मतीले पारित भएका हुन् । बैठकमा माओवादीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले महाधिवेशनसम्म आफूलाई नेतृत्व छाड्न अध्यक्ष प्रचण्डलाई आग्रह गरेका थिए । तर, प्रचण्डले महाधिवेशनबाटै अध्यक्ष चयन हुने जवाफ दिएका थिए ।

उपमहासचिव जनार्दन शर्माले महाधिवेशनबाट नेतृत्वमा नआउने गरी सामूहिक राजीनामा दिनुपर्ने माग गरेका थिए । प्रचण्डले दुवै नेताको मागलाई महाधिवेशनबाटै सम्बोधन गर्ने जवाफ दिएका छन् ।

# सुकेटार विमानस्थलमा उडान सुरु

◆ हाम्रोमत संवाददाता

*विराटनगर, ११ असोज*



ताप्लेजुङमा हवाई उडान सुरु भएको छ । फुङलिङमा रहेको सुकेटार विमानस्थलमा करिब दुई महिनापछि शुक्रबारदेखि उडान सुरु भएको हो ।

वर्षायाम सुरु भएसँगै गत साउन ५ गतेदेखि उडान हुन सकेको थिएन । सुकेटार विमानस्थलका एयर ट्राफिक कन्ट्रोलर दिलीप राजवंशीका अनुसार बारम्बार लागिरहने हुस्सु तथा कुहिरोले भिजिबिलिटी कम हुँदा दुई महिनासम्म उडान अवरुद्ध भएको थियो । अहिले मौसममा क्रमशः सुधार आएकाले उडान सुरु भएको उनको भनाइ छ ।

ताप्लेजुङमा नेपाल वायु सेवा निगमको ट्विनअटर जहाज मात्र सञ्चालन हुँदै आएको छ । जहाजमा आउने प्राविधिक समस्या र मौसम परिवर्तनले पटक पटक उडान अवरुद्ध हुँदा जिल्लावासी हवाई सुविधाबाट वञ्चित रहँदै आएका छन् । दुई महिनापछि भएको पहिलो उडानमा काठमाडौंबाट १४ जना यात्रु आएको निगमका ताप्लेजुङ स्टेसन इन्चार्ज नारायणकुमार कार्कीले जानकारी दिए । उनका अनुसार ताप्लेजुङबाट भने नौ जना यात्रु बोकेर काठमाडौं फर्केको थियो । हाल साताको एक दिन मात्र उडान तालिका रहेको भए पनि अबका दिनमा यात्रुको चाप तथा मौसमको अवस्था हेरेर तालिका थप गर्ने योजनामा रहेको निगमले जनाएको छ ।

लामो समयसम्म उडान नहुँदा जिल्लावासीले लामो दुरीको सडकमार्फत यात्रा गर्न बाध्य भएका थिए । काठमाडौं-ताप्लेजुङका लागि हाल नौ हजार २४५ रुपियाँ भाडादर कायम रहेको ताप्लेजुङ स्टेसनले जनाएको छ ।

## मृतक परिवारलाई क्षतिपूर्ती

पाँचथर, ११ असोज (हाम्रोमत)- जेन-जी आन्दोलनका क्रममा प्रहरीको गोली लागेर ज्यान गुमाएका पाँचथर हिलिहाङ-२ सिंहापुरका ३१ वर्षीय कमल भण्डारीका परिवारका लागि राहत र क्षतिपूर्ति रकम आएको छ ।

जिल्ला प्रशासन कार्यालय पाँचथरमा भण्डारी परिवारका लागि १५ लाख रुपैयाँको राहत तथा क्षतिपूर्ति रकम प्राप्त भएको प्रमुख जिल्ला अधिकारी अरुण पोखरेलले जानकारी दिए ।

## हिरासतबाट भागेका अभियुक्त पक्राउ

विराटनगर, ११ असोज(हाम्रोमत)- भदौ २४ गते आन्दोलनको क्रममा जिल्ला प्रहरी परिसर काठमाडौंको प्रहरी हिरासतबाट फरार भएका एक अभियुक्तलाई मोरङ प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सिरहाको धनगढी नगरपालिका-७ बस्ने २६ वर्षीय रबिन्द्र महतो रहेका छन् । उनीमाथि लागुऔषध मुद्दा कसुर रहेको प्रहरीले जनाएको छ । महतोलाई असोज १० गते मोरङ प्रहरीले नियन्त्रणमा लिएको हो । पक्राउ परेका उनलाई लागुऔषध नियन्त्रण ब्युरो, कोटेश्वरबाट खटिएको प्रहरी टोलीको जिम्मा लगाई काठमाडौं फिर्ता पठाइएको जिल्ला प्रहरी कार्यालय मोरङले जानकारी दिएको छ ।

जयन्ती मङ्गला काली भद्रकाली कपालिनी ।
दुर्गा शिवा क्षमा धात्री स्वाहा स्वधा नमोस्तुते ॥

बडा दशैं

हार्दिक शुभकामना

२०८२ सालको बडादशैं, तिहार, छठको पावन अवसरमा हाम्रा समस्त विद्यार्थी, अभिभावक, कर्मचारी, देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुखशान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

श्री कान्तिपुर कलेज परिवार
विराटनगर, मोरङ

अरुण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर
कोशी प्रदेश, नेपाल

हार्दिक शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, शुभ दीपावली तथा छठ पर्व २०८२ को सुखद् उपलक्ष्यमा यस गाउँवासी, सम्पूर्ण आमाबुवा, दाजु भाइ तथा दिदीबहिनी साथै स्वदेश तथा विदेशमा रहनु भएका समस्त आम नेपाली जनहरुमा सुख, शान्ति, समृद्धि छाओस्, लक्ष्मीले बास गरुन्, विजयको प्रतिकले सदैव छाई रहोस् । सबैको सु-स्वास्थ्य, दीर्घायुको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गाउँवासीहरुमा सूचना

- काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपयोग गरौं।
- सडे गलेको र गन्हाएको मासुजन्य पदार्थ उपयोग नगरौं।
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर मात्र उपभोग गरौं।
- चाडपर्वको संरक्षण र सम्वर्द्धन गरौं।
- चाडपर्वमा फजुल खर्च नगरौं।
- चाडवाडको समयमा खानपीनमा ध्यान दिऔं।
- मासु तथा मासुजन्य पदार्थको आवश्यकता भन्दा बढी उपयोग नगरौं।
- हाम्रो सांस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
- मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं।
- चाडपर्वको बेला सवारी साधनमा भिडभाड गरी यात्रा नगरौं।
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं।
- चाडबाडको समयमा जथाभावी नखाऔं, नपीऔं, सन्तुलित र पोषणयुक्त आहार मात्र सेवन गरौं।
- चाडबाडको समयमा आफ्नो घर छोडेर टाढासम्म नजाऊँ, जानै परेमा आफ्नो घरको झ्याल, ढोका, ग्रील बन्द गरेर जाऊँ र छिमेकीलाई समेत जानकारी गराऔं।
- एक-अर्काको धर्म-अर्काको धर्म-संस्कृति, रिति-रिवाज, रहन-सहन र चाडपर्वको सम्मान गरौं।
- एक-आपसमा भेद्भाव नगरौं, धार्मिक सहिष्णुता कायम गरौं।
- हाम्रा सांस्कृतिक पर्वहरुको जगेर्ना गरौं, मद्यपान तथा जुवातास जस्ता विकृतिको अन्त्य गरौं।
- डेंगु संक्रमण कायमै रहेकोले सुरक्षित रहेर चाडपर्व मनाऔं, स्वस्थ सुरक्षाका सामाग्रीहरुको प्रयोग गरौं।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं, यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्यान्सर जस्तो भयावय रोग लाग्न सक्छ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं।